जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १२, अङ्क- १३, २०८० कात्तिक २ गते विहीबार, 19 Oct. 2023, नेपाल सम्वत्-११४३ पृष्ठ-६, मूल्य रू. ५/-

भक्ता बोकेर गाउँमै पुगे अध्यक्ष

○ सहीखबर संवाददाता

मकवानपुर । राक्सिराङ्ग गाँउपालिकामा सामाजिक सुरक्षा भत्ता घर घरैमा पुगेर वितरण थालिएको छ ।

दोस्रो पटक गाउँपालिका अध्यक्ष निर्वाचित भएका राजकुमार मल्लले दशैंको आउँदै गर्दा गाउँटोलमै सामाजिक सुरक्षा भत्ता लिएर बाढ्न गएका छन् ।

बैंकका कर्मचारी समेतको टोलीले पालिकाको गाउँघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको थियो ।

सामाजिक सुरक्षा भत्ता घरमै पाउँदा स्थानीय ज्येष्ठ नागरिकले ठूलो राहत महसुर गरेका छन् भने गाउँपालिका अध्यक्ष तथा कर्मचारीलाई ज्येष्ठ नागरिकलगायतका स्थानीयले स्याबासी दिएका छन् ।

विकट गाउँबाट गाउँपालिका कार्यालयमा रहेको बैंकमा भत्ता लिन आउँदा लामो समय हिँड्नुपर्ने र गाडी चल्ने ठाउँबाट पनि महङ्गो भाडा तिरेर ओहोर दोहोर गर्नुपर्ने बाध्यतालाई चिर्दै गाउँपालिकाले गाउँटोलमै सामाजिक सुरक्षा भत्ता लिएर पुगेको पालिका अध्यक्ष मल्लले बताए । गाउँपालिका अध्यक्ष मल्लसहितको टोली वडा नम्बर ९ का जनतालाई भत्ता बितरण गर्न पुगेको थियो । राक्सिराङ ९ नम्बर वडाको अठारे ह्याक्ती



बस्ने ९१ बर्षिया बृद्ध गौरी सुनारलाई जेष्ठ नागरिक भत्ताको ३ महिना बराबरको रकम हस्तान्तरण गर्दै औपचारिक कार्यक्रम सुरूवात गरिएको थियो । वडा कार्यालयमा बैंकका कर्मचारीसहित पुगेका अध्यक्ष मल्लको टोलीले करिब १ सय २० जना ज्येष्ठ नागरिक तथा अपाङ्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको बताइएको छ ।

सामाजिक सुरक्षा भत्ता वडा कार्यलयबाटै प्राप्त गरेपछि अधिकांश बृद्धबृद्धाहरूले आउँदो दिनहरूमा पनि यसैगरी प्राप्त गर्न गाउँपालिका अध्यक्षलाई अनुरोध गरे । वडा अध्यक्ष रामकुमार बाल्पा थिङले वर्षाका कारण बाटो बिग्रिएको र घण्टौं हिडेर गाउँपालिका कार्यालयसम्म पुगेर भत्ता लिन असहज भएकाले वडाबाटै भत्ता वितरण गरिएको बताए ।

गाउँपालिकाले राक्सिराङ ४ मा रहेको एक परिवारलाई दसैं मान्नको लागि खाद्यान्न तथा नगद सहयोग गरेको छ । खाद्यान्न प्याकेजमा चामल, तेल, दाल र नुन रहेको थियो भने अध्यक्ष मल्लले नगद सहयोगसमेत गरेका थिए अभियानकै क्रममा स्थानीइै युवाहरूलाई खेलकुदका सामाग्री समेत हस्तान्तरण गरिएको थियो । पालिकाले यस अघि वडा नम्बर ६, ७ र ८ मा असोज २५ गते नै भत्ता बितरण गरिसकेको छ ।

भिटामिन 'ए' कात्तिक १७ र १८ गते

○ सहीखबर संवाददाता

मकवानपुर । सरकारले यस वर्षको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम आगामी कात्तिक १७ र १८ गते सञ्चालन गर्ने भएको छ ।

सरकारले प्रत्येक वर्ष पहिलो चरणमा कात्तिक २ र ३ गते तथा दोस्रो चरणमा वैशाख ६ र ७ गते गरी २ पटक सो राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले २०५० सालदेखि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ । जुकाको औषधि भने २०५६ बाट खुवाउन थालिएको हो ।

यस वर्ष दशैं परेका कारण पहिलो चरणको कार्यक्रम कात्तिक १७ र १८ गते तय गरिएको स्वास्थ्य सेवा विभागले जनाएको छ । विभागका अनुसार २ दिने अभियानमा ६ देखि ५९ महिनाका करिब ३२ लाख बालबालिकाहरूलाई भिटामिन 'ए' क्याप्सुल खुवाइने छ । यसैगरी १ देखि ५ वर्षसम्मका २९ लाख भन्दा बढी बालबालिकाहरूलाई जुकाको औषधि खुवाइने छ ।

आफ्नो घर नजिकको खोप केन्द्रमा लगेर बालबालिकाहरूलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन सकिन्छ । यो कार्यक्रममा देशभरिका ५२ हजार स्वास्थ्य स्वयंसेविका र १५ हजार स्वास्थ्यकर्मीलाई परिचालन गरिने विभागले जानकारी दिएको छ । स्वास्थ्य मन्त्रालयले भिटामिन 'ए' कार्यक्रम सफल बनाउन सातवटै प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई परिपत्र गरिसकेको छ ।

कैलाशले गाउँपालिकाद्वारा बन्दीलाई खाद्यान्न सहयोग

मकवानपुर । कैलाश गाउँपालिकाले भीमफेदी कारागारका कैदीबन्दीलाई खाद्यान्न सहयोग गरेको छ ।

नेपालीहरूको महान चाड दशैंको उपलक्ष्यमा पालिकाले खसी र खाद्यान्न कारागारका कैदीबन्दीलाई उपलब्ध सहयोग गरेको हो ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले दशैंको लागि २ वटा खसी,



चिउरा र तेल कारागारलाई हस्तान्तरण गरेका हुन् । अध्यक्ष मुक्तान गाउँपालिकाका कर्मचारीसहितको टोलीले कारागारमा रहेका कैदीबन्दीसँग भेटघाट तथा शुभकाकना आदानप्रदान समेत गरेका थिए ।

अध्यक्ष मुक्तानले कारागारमा रहेकाहरूसँग भ्रातृत्वको सम्बन्ध स्थापित गर्न र कैदीबन्दीमा सकारात्मक भावना जागृत गराउन शुभकामना आदानप्रदान तथा खसी र खाद्यान्न उपलब्ध गराइएको बताए ।

कार्यक्रममा पालिका लेखा प्रमुख नविन धिताल, रोजगार संयोजक अर्पण लामा, १० नम्बर पुर्ववडाध्यक्ष माणिकलाल मुक्तान लगायतको उपस्थिति थियो ।

२ वटा पुरूष ब्लक र १ वटा महिला ब्लक रहेको कारागारमा हाल १ हजार ३८ पुरूष, ३७ महिला कैदीबन्दी र २ जना आश्रित नाबालक रहेका छन् ।

केरामा लाग्ने पानामा रोग सम्बन्धि सूचना

केरामा लाग्ने पानामा रोग फ्युजारियम अक्सिस्पोरियम क्युवेन्सिको नामक दुसीवाट लाग्दछ।

पानामा रोगबाट बच्ने उपायहरु

१) यो रोग माटो, पानी, कृषि औजार, उपकरण र रोग संक्रमित बिरुवा एवम विरुवाजन्य वस्तुहरुवाट फैलन सक्ने भएकोले संकास्पद केरा बगैंचामा जादा जुत्ता, चप्पललाई सुज कवर वा प्लाष्टिकले ढाकेर मात्र जाने र केरा बगैचाबाट निस्कनु पूर्व गहिरो खाडलमा गाड्ने वा सुरक्षित साथ जलाएर नष्ट गर्ने ।

२) संक्रमित बगैचाबाट केराका विरुवा तथा विरुवाजन्य उपजहरू जथाभावी अन्यत्र नलैजाने ।

saheekhabar.com

३) तन्तु प्रजनन तरिकाबाट उत्पादित रोग रहित स्वस्थ बिरुवा मात्र रोपण गर्ने ।

४) केरा बगैचामा प्रयोग हुने औजार, उपकरणलाई १ प्रतिशत सोडियम हाइपोक्लोराइड वा १० प्रतिशत ब्लिच (९०० एम एल पानीमा १०० एम एल ब्लिच) मा उपचार गरेर मात्र अकी फिल्डमा प्रयोग गर्ने ।

५) केरा तथा केराका बिरुवा तथा बिरुवाजन्य वस्तुहरू ओसारपसारगर्ने दुवानीको साधनहरू शंकास्पद बगैचाभित्र प्रवेश गर्न नदिने ।

६) रोग ग्रसित बगैचामा प्रवेश निषेध गर्न साइन बोर्ड टाँस्ने, रोग संक्रमित बिरुवालाई रातो रिवन वा त्यागले छुट्याउने र सो क्षेत्रमा मानिस र जनावारको प्रवेश निषेध गर्ने ।

saneeknapar.com

७) बगैचालाई झारपात र केराका रोगी, सुकेका र झरेका पातपतिङ्गरबाट मुक्त राख्ने, थोपा सिँचाई प्रविधि अवलम्बन गर्ने ।

८) रोग संक्रमित बगैचावाट अन्य बगैचाबाट पानी बग्न नदिने, भारतीय नाकाबाट भित्रीने केराको काइयो वा हत्ता बाहेक अन्य कुनै पनि भाग भित्रन नदिने ।

९) केरा व्यवसायीले केरा बोक्ने गाडीको चक्का सफा पानीले धोई १० प्रतिशत ब्लिचले निसंक्रमण उपचार गरेपछि मात्र भित्रिन दिने

१०) केरा बगैचामा रोगको लक्षण देख्ने वित्तिकै स्वस्थ र रोग ग्रसित सबै विरुवामा ढुसीनासक विषादी कावेन्डाजिम ५० प्रतिशत WP को १ देखि ३ ग्राम प्रतिलिटर पानीमा मिसाई तयार गरिएको झोल जराको वरिपरि ३ देखि ५ लिटर प्रति बोटका दरले जरा भिज्ने गरी १५ / १५ दिनको अन्तरालमा ५ पटक ड्रेनचिङ गर्ने ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, मकवानपुर

मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व वडा दशैको अवसरमा हाम्रा पाठकहरु, विज्ञापनदाताहरु, स्तम्भकारहरु, शुभचिन्तकहरु, आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

सहीखबर साप्ताहिक परिवार ।

२०८० कात्तिक २ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादकः- सरिता दाहाल
समाचार संयोजकः- संझना घिमिरे,
संवाददाता: गोपिका दाहाल
प्रबन्ध/बजार व्यवस्थापकः- सिताकुमारी घिमिरे
मुख्य कार्यालयः- हेटौंडा-५ मकवानपुर
सम्पर्कः- ९८४५४६१३३३
इमेलः journalistdahal@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रणः-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

सुरक्षित यात्रा गरौं

यात्रा जीवनको अनिवार्य सर्त जस्तै हो । यात्राबीनाको जीवन परिकल्पना पनि गर्न सकिदैन । रहर, बाध्यता विभिन्न अवस्था बोकेर दिनदिनै यात्रा तय हुन्छ जीवन भर । चाडपर्वको समयमा यात्राको पाटो अन्य समयमाभन्दा बढी हुन्छ । यात्रामा चापचाप हुने, हतारको यात्रा हुने हुँदा असुरक्षाको कारण पनि बन्ने गरेको छ । हिन्दुहरूको मुख्य पर्वको रूपमा मनाइने बडादशैं सुरू भएको छ । दशैंको लागि घर फर्कनेहरूको भीड बढेको छ । सवारी नपाइनु र पाएमा पनि हतारमा हाँकिने सवारीसँग पीडा जोडिने गरेका छन् ।

विगतमा भएका विभिन्न घटनाहरूबाट पाठ सिक्दै सम्बन्धित निकायहरूले यात्रालाई सुरक्षित, सहज र भरपर्दा बनाउन पर्छ । यसको लागि गर्दा पर्याप्त संख्यामा र नियमितरूपमा सवारी साधन सञ्चालन गर्ने, सवारी साधनमा अनावश्यक भिडभाड नगर्ने, सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोक्ने, सवारी साधनको छतमा बसेर यात्रा नगर्ने, सवारी साधनको नियमित मर्मत तथा परिक्षण गर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउने तर्फ सचेत हुनुपर्छ ।

जिल्ला ट्राफिक कार्यालय र जिल्ला प्रहरी कार्यालय मकवानपुरले सवारी यात्रालाई सुरक्षित पार्नको लागि टाइमकार्ड लागु गरेको छ । तोकिएको स्थानबाट, तोकिएको स्थानसम्म, तोकिएको समयमा मात्रै पुग्नुपर्ने नियम लागु गरेको छ । धेरै खेप यात्रु ओसार्नको लागि द्रुत गतिमा सवारीमा चलाउँदा हुने संभावनालाई यसले केही हदसम्म कम गर्ने छ । यसरी प्रहरी र प्रशासन लागेरमात्रै यात्रा सुरक्षित हुँदैन । सर्वसाधारणहरूको पालो पर्खेर बाटो काट्ने, निजि साना सवारीहरूको यात्रामा पनि विशेष ध्यान दिनु जरूरी छ । चाडपर्वमा पीडा हैन खुसी खुसी भर्नको लागि यात्रालाई सुरक्षित र भरपर्दो बनाउन ध्यान दिने गरौं । सबैमा वडा दशैंको अवसरमा सबैमा हार्दिक शुभकामना ।

त्यो सनद, यो समय



अर्जुन अपवाद

अहिले वन भनेको एउटा समुदायको मात्रै विषय रहेन । यो विश्वव्यापी एजेण्डा भैसकेको छ । यस ठाउँमा संरक्षण गरिएको वनबाट विश्वले नै फाइदा लिने कुरा प्रमाणित भैसक्यो । हामीले कार्बन सञ्चय गरेर पैसा लिइसक्यौं । यसमा पनि वनमात्रै जोगिने र वनकै कारणबाट त्यसको छेउछाउमा बस्नेले दुःखमात्रै पाउने अवस्था भयो भने यो संरक्षण दीर्घकालीन हुन सक्दैन ।

चाडबाडको समय । यो सँगसँगै सुरू भयो धान भित्र्याउने मौसम । मौसमले साथ दिएको छैन । अनुमानभन्दा बाहिरको मनसुनले अघिल्ला वर्षमा किसानले काटेको धान बोटमै उम्रियो । यो वर्ष पनि सरकारले किसानलाई धान नकाट्न एसएमएस नै पठाउनु पऱ्यो

असारको १५ । नेपाली संस्कृतिमा सबैभन्दा व्यस्त दिन । अत्यधिक प्रयोगमा आउने खाद्यान्न धान रोप्ने दिन । प्रकृतिले आफ्नो नियम नछाडे सबै किसान खेतमा हुने दिन । असारको १८ मा नै विश्व तापमानमा नयाँ रेकर्ड कायम भयो । यो दिन अहिलेसम्मकै सबैभन्दा तातो दिन भएको भनेर वैज्ञानिकहरूले घोषणा गरे । यो वर्ष पनि धेरैतिर पर्नुपर्ने जति पानी नपरेपछि धान रोप्न नसकिएको समाचारहरू आए । वर्षा नै नहुने मुस्ताङमा बाढीले वितण्डा मच्चायो ।

असारमा तापमान वृद्धिका नयाँ रेकर्ड बनेका समाचार पनि आए । हामीलाई थाहै छ, अमेरिका लगायतका उच्च विकसित भनिएका देशमा पनि उच्च तापक्रम र डढेलोको समस्या भयावह छ । सबै स्रोत र साधन भएर पनि उनीहरू यस्तो अवस्थामा के गर्ने के नगर्ने भन्नेमा अन्यौलग्रस्त छन् । अल्पवृष्टि, अनावृष्टि र अतिवृष्टिले गर्मी र विपद बढिरहेकै छन् । पानी पर्ने तरिका फेरिएको छ । मानिसले आफ्ना फाइदाका लागि गरेका कामले प्रकृतिले आफ्नो लयमा काम पाइरहेको छैन । जलवायु परिवर्तन बारे हाम्रा चिया गफमा धेरथोर कुराकानी हुन थालेको छ ।

हाम्रोमा वन भनेकै वातावरण हो । वनको संरक्षण नै वातावरण संरक्षण हो । हाम्रोमा जलवायु परिवर्तनमा भूमिका खेल्ने कार्बनको उत्सर्जन एकदमै न्यून छ । विश्वमा उत्सर्जन हुने कार्बनको तुलनामा । छिमेकी देशहरू भारत र चीन भने कार्बन उत्सर्जन गर्ने प्रमुख राष्ट्रहरूकै सूचीमा पर्छन् । यसैले पनि हामीले आफूले गल्ती नगरे किन डराउनु भन्ने अवस्था छैन नै । राजनीतिमा मात्रै हैन वातावरणका विषयमा पनि बेइजिङ र दिल्लीमा पानी पर्दा नेपालमा छाता ओड्नैपर्ने अवस्था छ ।

यो आलेख वन संरक्षणका बारेमा राणाकालमा गरिएको व्यवस्था र अहिलेको हाम्रो कृयाकलापमा केन्द्रित छ । २ वर्ष अगाडि लेखेर थन्क्याइएको यो लेखमा अहिलेका केही सन्दर्भ थपथाप गरेर यसलाई अन्तिम रूप दिइएको छ ।

लेख्नपर्ने विषय थियो सामुदायिक वनले पारेको सकारात्मक प्रभाव । दोलखाको एक स्थानीय तहमा रहेका वनहरूले के गरिरहेका छन् ? त्यसबाट स्थानीय अझ विपन्नहरूले कस्तो सुविधा पाएका छन् ? यस्ता कामहरू कसरी गरिएका छन् ? फाइदा पाएकाहरूको भनाई के छ ?

यस्तै यस्तै प्रश्नहरूको उत्तरका आधारमा सामग्री तयार गर्ने योजना थियो । योजना अनुसार सन्दर्भ सामग्रीका लागि खोतलखातल गर्न लागियो । कम्प्युटरमा, डायरीहरूमा अनि पुस्तक पत्रपत्रिकाहरूमा । खोज्दै जाँदा भेटियो १ सय १५ वर्ष अघिको सनद । शताब्दी पुरानो कुरा बुझ्न सजिलो थिएन । अक्षर पनि, लिपी पनि ! बुझ्नलाई झनै कठिन त्यो समयको परिवेश ! अझ भाषा बुझ्न त अलिक समय लाग्ने नै भयो । सनद अलिक खुट्याएपछि यो लेख सुरू गरियो । तुलना गरियो त्यो समय अनि अहिलेको हालचाल । त्यसपछि लेखियो शताब्दीअघिको समाज र अहिलेको समाजका बारे केही शब्दहरू । वन तथा वातावरण जोगाउने त्यो अन्धकार समयको चेत अनि अहिलेको उत्तर आधुनिक समयको चेतना !

१९६५ साल असारमा लेखिएको सनद भेटिएपछि त्यसैमा अलिकति विश्लेषण गरियो । त्यसले देखायो तत्कालीन शासकको मनसाय । वर्तमान त देखिएकै छ । यो लेख त्यसबेलाको समय र अहिलेको समयको बारेमा तुलना गर्न केन्द्रित छ । १९६५ साल आषाड गते २७ रोज २ मा पूर्व २ नम्बर मेलुं इलाका सीम्रास बीर्ता गाउँका जनतालाई तत्कालीन सरकारले वन कसरी जोगाउने भनेर कागज गरिदिएको थियो ।

उक्त ठाउँ अहिले दोलखा जिल्लाको मेलुङ गाउँपालिकाको ७ नं वडामा पर्छ । यसै विषयमा अलिकति चर्चा अबको क्रममा । वन तत्कालीन अवस्थामा मानिसको जीवनको अभिन्न अंग थियो । वन जोगाए वातावरण जोगिन्छ भन्ने थिएन तर वन चाहिन्छ भन्ने त यसै सनदमा उल्लेखित सवालहरूबाट पनि देखिन्छ । अहिले वन वातावरणसँग जोडिन्छ । रूखलाई कार्बन व्यापारको रूपमा उल्लेख हुन लागिसकेको अवस्था छ । त्यसबेला वनको उपयोग कसरी गर्ने भन्नेमा शासकले स्पष्ट शब्दमा उल्लेख गरिएको छ ।

सनदमा उल्लेख गरिएको छः कसैलाई काचा रूष काटन डडेलो लगाउन भस्मे तोहसे षोरिया फाडन लीसोपासो दावली थापन सीकार षेलन नदीनु दारूवानी भीत्र सुकेको रषर घरकटेरा मानीपौवा फट्केसागु बनाउनलाई काचा रूष काट्नुपर्यो भन्या तालुकदारलाई चाहिएमा रैतीसग र रैतीलाई चाहियेमा तालुकदारसँग सहभाग गरी पायासम्म हागावीगा बुडाषाडा हुँदा गनपाया अंन्नासंमर पारी जंगल नवीग्रनेगरी चाहियेसम्म काटी लीनेदीने गर्नु सर्कारीया काम परिआयामा भै आयाका सनद पुर्जी बमोजीं गर्नु सो वनजंगलमा अडा मीची लेषियाका वीमा दुवीदुव पर्नेमा म हरू नजुपऋी ..... । जिल्ला जंगीपरेठमाल अदालत नजिक अडा माल लगी बुझाइ ऐनबमोजीम सजाये गरिदिनु नेभियाबमोजीम नगरी सदरबाट वंजाच गर्न दौडाहा आउदा बेहिसाबसँग वंकाटी काडी जन्नब गरेको ठहर्यो भन्या ऐनबमोजिम सजाये हुन्याछ सो जानी वंमानी गुलजार गर्ने काम गर । कसैलाई काचा रूख काट्न, डढेलो लगाउन, भस्मे तोहसे खोरिया फाड्न, लीसोपासो दावली थाप्न, शिकार खेल्न नदिनु । दारूवानी भीत्र सुकेको रूख र घरकटेरा मानीपौवा फट्के साँगु बनाउनलाई काचा रूख काट्नुपर्यो भने तालुकदारलाई चाहिएमा रैतीसँग र रैतीलाई चाहियेमा तालुकदारसँग सहभाग गरी पाएसम्म हागावीगा बुढाखाडा हुँदा गनपाया अंन्नासंमर पारी जंगल नवीग्रने गरी चाहियेसम्म काटी लीनेदीने गर्नु । सरकारको काम परिआएमा भै आयाका सनद पुर्जी बमोजीम गर्नु सो वनजंगलमा अडा मीची लेखियाका वीमा दुवीदुव पर्नेमा म हरू नजुपऋी ..... । जिल्ला जंगीपरेठमाल अदालत नजीक अडा माल लगी बुझाइ ऐनबमोजीम सजाये गरिदिनु भनिए बमोजीम नगरी सदरबाट वन जाच गर्न दौडाहा आउदा बेहिसाबसँग वन काटी काडी जन्नब गरेको ठहर्यो भन्या ऐनबमोजिम सजाये हुन्याछ सो जानी वन मानी गुलजार गर्ने काम गर)

राणाशासन अँध्यारो युग । अशिक्षित जनता । तर, चेतना ! सनदभित्र परेका आदेशले हामीलाई धेरै कुरा सिकाउँछन् । वन संरक्षणमा गर्नुपर्ने काम के के हुन् ? त्यो देखिन्छ । रूखमात्रै नभइ वन्यजन्तु पनि जोगाउनु पर्छ भन्ने देखिन्छ । सिकार खेल्न, पासो थाप्न प्रतिबन्ध छ । र सबैभन्दा महत्वपूर्ण कुरा रूख काट्दा जंगलको स्वरूप नबिग्रने गरी काट्नुपर्छ ।

अहिले ढुंगामाटो पनि बेच्नपर्छ भनेर सोचिन्छ । यो नयाँ युगमा । यो शिक्षित बेलामा । १ सय १५ वर्षअगाडि भनिन्छ सकेसम्म हाँगाविगा र बुढाखाडा रूखबाट काम चलाउ । काँचा रूख सकेसम्म नकाट । काट्नपरे रैती र तालुकदार सल्लाह समन्वय गर ।

१ सय १५ वर्षमा देशमा हाम्रो समाज कति अगाडि बढ्यो वा त्यही ठाउँमा छ ? यसका लागि घोत्लिनु पर्ने बेला आइसकेको छ । नेपालमा सरकारको नाममा रहेको वनमा स्थानीयले अपनत्व गर्न सकेन भनेर हामी सामुदायिक वनको अवधारणामा गएका छौं । यो कार्यक्रम लोकप्रिय पनि छ । तर, यसमा पनि सोच्नुपर्ने समय आइपुगेको छ कि ? जुन अवधारणाका साथ यो कार्यक्रम सुरू भएको थियो । त्यही अनुसार अहिले यो सञ्चालनमा छ ? या हामीले यसमा पनि नयाँ खालको असमानता जन्माइरहेका छौं ?

अहिले वन भनेको एउटा समुदायको मात्रै विषय रहेन । यो विश्वव्यापी एजेण्डा भैसकेको छ । यस ठाउँमा संरक्षण गरिएको वनबाट विश्वले नै फाइदा लिने कुरा प्रमाणित भैसक्यो । हामीले कार्बन सञ्चय गरेर पैसा लिइसक्यौं । यसमा पनि वनमात्रै जोगिने र वनकै कारणबाट त्यसको छेउछाउमा बस्नेले दुःखमात्रै पाउने अवस्था भयो भने यो संरक्षण दीर्घकालीन हुन सक्दैन ।

अन्तमा, नेपालमा जंगलको क्षेत्रफल बढिरहने तर काठ आयात भैर हने हाम्रो गज्जबको स्थिति रहेको छ । सरकारका नियमलाई अक्षरश पालना गर्ने हो भने काष्ठजन्य उद्योग सञ्चालन नै हुन नसक्ने अवस्था छ । हाम्रा जंगलमा बर्सेनि काठ कुहिएर सड्ने र आयात बढिरहने हो भने त्यो हाम्रो हितमा हुँदैन । जंगल जोगाउँदै जनताको जीवनस्तर बढाउन हामीले तत्काले काम नगर्दा जंगल 'छुनलाई होइन हेर्न चाँहि पाइन्छ..' भन्ने गीतजस्तै बन्नेछन् । समयमै घोत्लिन र सो अनुसार कदम चाल्न सके फाइदा सबैलाई हुनेछ । ***इकाजगबाट***

२०८० कात्तिक २ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

सुरक्षा व्यवस्था चुस्त पार्दै प्रहरी

○सहीखबर संवाददाता

मकवानपुर । जिल्ला प्रहरी कार्यालय मकवानपुर ले जिल्लाको विभिन्न स्थान र नाकामा सुरक्षा व्यवस्थामा कडाई गर्दै आएको छ ।

मकवानपुर प्रहरीले जिल्ला प्रवेश गर्ने नाका रातोमाटेमा कुकुर सहितको जाँच सुरूवात गरेको जनाएको छ । प्रहरीले असोज २१ गते आइतबार चाडपर्व लक्षित सुरक्षा योजना सार्वजनिक गरेको थियो ।

राजमार्गमा हुने लुटपाटलगायत अपराधिक घटना नियन्त्रण गर्ने उद्देश्यले कुकुर सहितको विशेष सुरक्षा जाँच गर्न थालिएको हो । असोज २९ गतेदेखि जिल्लाको हेटौंडा उपमहानगरपालिका १५ स्थित रातोमाटे चेकपोष्टमा बागमती प्रदेश प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यलय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेले तालिम प्राप्त कुकुरसहितको जाँच गर्न थालेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए ।प्रहरीले नेपालीको दशैं तिहारलगायतको चाडपर्वलाई लक्षित गरी मकवानपुर जिल्लामा प्रवेश गर्ने तथा बाहिरिने सवारी साधनहरूमा प्रतिबन्धित बस्तुहरू पटका, लागु औषध, भन्सार छलीका समानहरूलगायत अन्य बिष्फोटक पदार्थहरू समेत ओसारपसार हुन सक्ने भएकोले तालिम प्राप्त कुकुरसहितको विशेष चेकिङ शुरू गरिएको भण्डारीले बताए ।

यसअघि मकवानपुर प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजना सार्वजनिक गर्दै हेटौंडा १४ रातोमाटेमा एम्बुलेन्ससहितको यात्रु हेल्प डेस्कको स्थापना गरेको छ ।

हेटौंडा चितवन सवारीमा टाइम कार्ड लागु

मकवानपुर । चाड पर्वमा हुने भीडभाड र यातायातामा सुरक्षामाथि सुरक्षित हुनको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सार्वजनिक सवारी साधनमा टाइम कार्ड लागू गरेको छ ।

सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले चाड पर्वलक्षित गरी मंगलबारबाट टाइम कार्ड लागू गरेको ट्राफिक प्रहरीले जारी गरेको सूचनामा जनाइएको हो । पार्सा जिल्लाको सिमाना कटेर हेटौडा उपमहानगरपालिका १५ चुरियामाईबाट हेटौंडा बसपार्क, मनहरी हुँदै चितवन जाने सार्वजनिक यात्रुवाहक सवारी साधनहरूमा अनिवार्य रूपमा टाइम कार्ड लागू भएको ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यात्रु पाइने होडमा छिटोछिटो सवारी गुडाउँदा दुर्घटना हुने संभावनालाई कम गर्न जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको सहकार्यमा टाइम कार्ड लागू गरिएको हो । सो रूटमा चल्ने यात्रुवाहक सवारी साधनलहरूले अनिवार्य टाइम कार्ड लिनुपर्ने व्यवस्था गरिएको सूचनामा उल्लेख छ ।

टाइम कार्ड नलिई सवारी चलाएमा यातायात व्यवस्था ऐन, नियमबमोजिम कारवाही हुनेसमेत प्रहरीले जनाएको छ ।

मकवानपुरबाट काठमाण्डौ जाने सुमोहरूमा भने यस अघि नै टाइम कार्ड लागु भइसकेको छ । तोकिएको स्थानबाट तोकिएको स्थानमा तोकिएभन्दा चाँडो पुगेका नियम अनुसार कारवाही गरिने प्रहरीले जनाएको छ ।



सचेत र जिम्मेवार बनौं

चाडपर्वको मौलिकता कामय राखौं, हाम्रो समाजको फरक धर्म सस्कृति हाम्रा समस्या हैनन्, सम्पत्ति हुन्, एकअर्को संस्कृति, रितिरिवाज रहनसहन परम्परा मुल्य र मान्यताको कदर गरौं । चाडपर्वको समयमा सवारी साधानमा अनावश्यक भिडभाड नगरौं, लागुपदार्थ खाने जुवा तास खेल्नेतर्फभन्दा आफ्ना बालबालिकाहरूको सिकाइमा मौलिकताको खोजि गरौं । मौलिक परम्पराको सकारात्मक पाटोको सिकाइलाई पुस्तान्तरण गरौं । सभ्य समाज निमार्णमा शिक्षित र सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।



साथै *नेपालीहरूको महान पर्व वडा दशै, तिहार, नेपाल सम्वत्, छठ एवम् ल्होसार पर्वको अवसरमा सम्पूर्ण अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी, कर्मचारी, हाम्रा शुभचिन्तक तथा आमनेपालीहरूमा सुख, शान्ति, समृद्धि सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगातिको हार्दिक मंलमय शुभ कामना व्यक्त गर्दछौ ।*





प्राचर्य प्रबोध बिडारी एवम्
निर्मल माध्यमिक विद्यालय

परिवार हेटौंडा १९ मकवानपुर

मकवानपुर साझा यातायातको अनुरोध



सवारी साधानको नियमित चेकजाँच गराऔं, पैदल यात्रा गर्दा फुटपाथ र बाटो काट्दा जेब्रा क्रसिङ्को प्रयोग गर्नेगरौं । पैदलयात्रीलाई बाटो काट्न पहिलो प्राथमिकता दिने गरौं । सवारी साधनमा अनावश्यक भिडभाड नगरौं, छतमा बसेर यात्रा नगरौं, सवारीको क्षमताभन्दा बढी यात्रुको भीड नगरौ, सचेत रहौं, चालकलाई अनावश्यक तनाव दिने र ध्यान अन्यत्र खिचिने गतिविधि नगरौं ।

साथै नेपालीहरुको महान पर्व वडा दशै, तिहार, नेपाल सम्वत्, छठ एवम् ल्होसार पर्वको अवसरमा सम्पूर्ण यातायातकर्मीलगायत हाम्रा शुभचिन्तक तथा आमनेपालीहरुमा सुख, शान्ति, समृद्धि सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगातिको हार्दिक मंलमय शुभ कामना व्यक्त गर्दछौ ।



अध्यक्ष भेष खड्गी एवम्



मकवानपुर साझा यातायात

परिवार हेटौंडा मकवानपुर





मंगलमय शुभकामना

नेपालीहरूको महान् पर्वहरू बडादशैं, तिहार, नेपाल सम्वत, छठ एवम् ल्होसारको अवसरमा हाम्रा शेयर सदस्य ज्यूहरू, सल्लाहकार ज्यूहरू,सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरूलगायत आमनेपालीहरूमा सुख शान्ति समृद्धी तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रोपाइटरः सुन्दर शाक्य
सुन्दर नाइलन स्टाम्प सेन्टर
हेटौंडा हरिकुञ्ज रोड





मंगलमय शुभकामना

नेपालीहरूको महान् पर्वहरू बडादशैं, तिहार, नेपाल सम्वत, छठ एवम् ल्होसारको अवसरमा हाम्रा शेयर सदस्य ज्यूहरू, सल्लाहकार ज्यूहरू,सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरूलगायत आमनेपालीहरूमा सुख शान्ति समृद्धी तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मकवानपुर नमुना प्रगति
बचत तथा ऋण सहकारी संस्था लि.





हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व वडा दशै, तिहार, नेपाल सम्वत्, छठ एवम् ल्होसार पर्वको अवसरमा सम्पूर्ण अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी, कर्मचारी, हाम्रा शुभचिन्तक तथा आमनेपालीहरुमा सुख, शान्ति, समृद्धि सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगातिको हार्दिक मंलमय शुभ कामना व्यक्त गर्दछौ ।

विनोद सुवेदी
प्रिन्सिपल

रामकृष्ण तिमल्सिना
अध्यक्ष:वि.व्या.स



दिनेशप्रसाद भण्डारी
अध्यक्ष:विद्यालय सञ्चालक समिति

बालजागृती इङ्लिस सेकेण्डरी स्कुल परिवार





मंगलमय शुभकामना

नेपालीहरूको महान् पर्वहरू बडादशैं, तिहार, नेपाल सम्वत, छठ एवम् ल्होसारको अवसरमा रेड्क्रस अभियानमा संलग्न स्वयम्सेवक तथा रेड्क्रसका आजीवन सदस्यहरूलगायत आमनेपालीहरूमा सुख शान्ति समृद्धी तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नेपाल रेड्क्रस सोसाइटी
जिल्ला शाखा मकवानपुर परिवार

१९ नम्बर वडा कार्यालयको सूचना

देशैभरि हाल डेंगु रोगको प्रकोप फैलिएर माहामारीको रुप लिएको छ । यस रोग सम्बन्धी सामान्य जानकारी एवम् यसबाट बच्ने तरिका तपसिल बमोजिम रहेको सम्पूर्णमा जानकारी सहित तल उल्लेखित रोकथामको उपायहरु अपनाइ सुरक्षित एवम् शर्तक रहनुहुन अनुरोध छ ।

- **डेंगु रोगको सामान्य परिचय: यो डेंगु भाइरसबाट लाग्ने एक किसिमको कडा संक्रमक रोग हो । यो एडीस एजिप्टाई तथा एडिस एल्बोपिक्टस् प्रजातीका लामखुट्टेको टोकाईबाट सर्दछ । यो प्राय सफा पानिमा बस्दछ ।**
- **डेंगु रोगको केहि प्रमुख लक्षणहरु: एक्कासी उच्च ज्वरो आउने, बेस्सरी टाउको तथा मांसपेशी / जोर्नीहरु दुख्ने, वाकवाकी लाग्ने वा बान्ता हुने र आफ्नो दैनिकी खानपान वा रुची नलाग्ने इत्यादी ।**
- **डेंगु रोगबाट बच्ने / रोकथामका उपायहरु :**
  - **पुरा बाहुला भएको लुगा लगाउने**
  - **झुल भित्र मात्र सुत्ने**
  - **घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली / झुल लगाउने,**
  - **घर, कार्यालय एवम् सार्वजनिक ठाउँमा पानि जम्न नदि**
  - **खाल्डा खुल्डी पुर्ने र खाने पानि वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने,**
  - **गमलाको प्लेट, फुल दानी, कुलर आदिको पानी कम्तिमा हप्तामा दुई पटक फेर्ने,**
  - **पानी जम्मा गर्ने भाडोलाई लामखुट्टे छिर्न नसक्ने गरि छोप्ने**
- **लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगुबाट बच्ने एक मात्र उपाय हो ।**

हेटौडा उपमहानगरपालिका
१९ नम्बर वडा कार्यालय
हेटौडा मकवानपुर

प्रदेश युवा परिषद, बागमती प्रदेशको सार्वजनिक सन्देश

- फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
- एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन, मुल्य मान्यताहरुको आपसमा भेदभाव नगरौं ।
- धार्मिक-सांस्कृतिक चाडपर्वको सम्मान गरौ, सहिष्णुता कायम राखौं ।
- लागुपदार्थ सेवा गर्ने, जुवातास खेल्ने जस्ता कार्य नगरौ ।
- चाडपर्वको मौलिकता कायम राखौं ।

साथै बडादशैं दीपावली, नेपाल संवत, छठ, ल्होसार पर्वको अवसरमा आमनेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सन्तोष चौलागाँई कार्यकारी उपाध्यक्ष
प्रदेश युवा परिषद
बागमती प्रदेश हेटौडा मकवानपुर

बालअधिकारप्रति संवेदनशील बनौं।

माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् । बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौ,गराऔं ।
बालबालिकाको अधिकारप्रति राज्य, समाज,परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।
बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं

शुसिल घिमिरे वडा अध्यक्ष
५ न. वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय हेटौंडा ।

बालमैत्री स्थानीय शासनबारे हेटौंडा १९ को अत्यन्त जरूरी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रूपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरू पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

नरनाथ सुवेदी वडा अध्यक्ष
१९ न. वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

घरबाटै अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गरौं

नेपाल सरकारले व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध बिच्छेद) अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्था गरेको हुँदा हेटौडा उपमहानगरपालिकाभित्र अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गर्न आफ्नो घरमै बसी मोवाइलबाट समेत व्यक्तिगत घटना दर्ताको फारम भर्न सक्नुहुनेछ । फारम भरी प्राप्त टोकन नम्बर लिएर सम्बन्धित वडा कार्यालयबाट प्रमाणपत्र प्राप्त गर्न सक्नुहुनेछ ।

फारम भर्ने तरिका:

१. https//public domidc.gov.np मा जानुहोस् वा देखाइएको QR Code Scan घटना दर्ताको लागि यहाँ दिनुहोस मा क्लिक गर्नुहोला ।
२. क्लिक गरिसकेपछि कुन प्रयोजनको लागि फारम भर्दै हुनुहुन्छ छनोट गर्नुहोला ।
३. छनोट गरिसकेपछि फारम खुल्नेछ । उक्त फारम भरिसकेपछि अन्तीममा मोबाइल नम्बर राखेर प्रयोग गर्नुहोस् ।
४. उक्त मोबाइल नम्बरमा टोकन नम्बर प्राप्त हुनेछ र सोही टोकन नम्बर लिएर ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी स्थानीय पत्रिकाधिकारीबाट व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र उपलब्ध हुनेछ । (टोकनको प्रयोग ३५ दिनभित्र गरिनु अन्यथा पुनःप्रकिया गर्नुपर्छ ।

घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं

फुर्वा दोर्जे लामा वडा अध्यक्ष
१० न. वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय हेटौंडा ।

जेसीज खुला दौडमा लामा प्रथम



मकवानपुर । जेसीआई चैनपुर प्रस्तावितको जेसीज सप्ताह कार्यक्रम अन्तर्गत भएको २ किलोमिटर खुला दौड प्रतियोगितामा मनहरी ९ रजैयाका प्रताप लामा प्रथम भएका छन् ।

अन्य १५ प्रतिस्पर्धीलाई उछिन्दै उनी प्रथम भएका हुन् । उनी थ्रीस्टार क्लवबाट फुटबल खेल्दै आएका ए डिभिजन खेलाडी हुन् । प्रतियोगितामा मनहरी ३ लामिटारका रामबहादुर राई द्वितीय हुँदा रजैयाकै दिपेन्द्र न्यौपाने तृतीय भएका छन् ।

प्रथम, द्वितीय र तृतीय भएकाहरूले क्रमशः नगद ५ हजार, ३ हजार र २ हजार रूपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । उनीहरूलाई जेसीज सप्ताहको समापनको क्रममा पुरस्कार प्रदान गरिनेछ । कार्यक्रम संयोजक मनिष पौडेलको संयोजकत्व एवम् चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ४ नम्बर वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यता रहेको थियो ।

वडा अध्यक्ष थापाले जेसीज लगायतका संस्थाले सामाजिक विकासमा महत्वपूर्ण सघाउ पुऱ्याउँदै आएको भन्दै धन्यवाद ज्ञापन गरे । उनले सामाजिक संघसंस्थाहरूसँग समन्वय गरेर अघि बढ्न तयार रहेको बताए । राजनीतिक दलसहित अन्य विभिन्न सामाजिक संस्थाले जेसीजबाट एक व्यक्ति, एक वर्ष, एक कार्यकालको नीति र विधिको शासनलाई आत्मसाथ गर्नुपर्ने उनको धारणा थियो । कार्यक्रममा जेसीजका अध्यक्ष सल्लाहकार विदुर थापा, स्थानीय नवज्योति प्राविका शिक्षक नविनकुमार रेग्मी, जेसीज सप्ताह सहमूल कार्यक्रम संयोजक मिलन ढुंगाना लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्थानीय समाजसेवी राजेन्द्र कुँवर, लामिटार मध्यवर्ती सामुदायिक उपभोक्ता समूहका कोषाध्यक्ष जयराम राई, सानाकिसान सहकारीका व्यवस्थापक सुरेन्द्र तितुङ लगायतको आतिथ्यता रहेको थियो ।

त्यस्तै चैनपुर जेसीज प्रस्तावितले मनहरी गाउँपालिका ५ मा रहेको सूर्यकिरण युवा क्लवलाई खेलकुद सामग्री हस्तान्तरण गरेको छ । जेसीज सप्ताह अन्तर्गत क्लवलाई फुटबल, भलिबल लगायतका खेल सामग्री हस्तान्तरण गरेको हो । कार्यक्रम संयोजक नवराज रिजालको संयोजकत्व एवम् जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ५ नम्बर वडा अध्यक्ष दीपेन्द्र अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । वडा अध्यक्ष अधिकारीले आफ्नो वडामा आएर सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सहकार्य जारी राख्न अनुरोध गरे ।

उनले खेलकुद सहित वडाको सर्वाङ्गीण विकासमा आफूहरू लागिपरेको बताए । सूर्यकिरण युवा क्लवका अध्यक्ष बीरबहादुर मिजारले जेसीजको सहयोगले खेलकुदको गतिविधिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्यको लागि अनुरोध गरे । कार्यक्रममा ५ नम्बर वडा सचिव विदुर पाठक, २ नम्बर वडा सचिव साजन लामा, सहमूल कार्यक्रम संयोजक मिलन ढुङ्गाना लगायतको आतिथ्यता रहेको थियो । चैनपुर जेसीजले विविध कार्यक्रमको आयोजना गरी जेसीज सप्ताह सञ्चालन गरिरहेको छ । बुधबार जेसीज कप फुटबल प्रतियोगितासँगै जेसीज सप्ताहको समेत समापन हुँदैछ ।

श्री सिद्धार्थ माध्यमिक विद्यालय
श्री सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२०३२ जि.-मकवानपुर
हेटौंडा-२, मकवानपुर
विजया दशमी, दिपावली, नेपाल संवत् तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण विद्यार्थी तथा अभिभावकवर्गमा सुस्वास्थ्य, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
भिमकुमार श्रेष्ठ
अध्यक्ष
शिक्षक अभिभावक सङ्घ
बलराम घिमिरे
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
मोहन प्रसाद शर्मा
प्रधानाध्यापक

शुभकामना
२०८० सालको बडा दशैं, तिहार, नेपाल सम्वत् १९४४ एवं छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण संस्थापक, प्रिन्सिपल, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा शुभचिन्तकहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।
नविन के.सी
सचिव
प्याल्सन मकवानपुर
प्याल्सन मकवानपुर
विनोद सुवेदी
अध्यक्ष
प्याल्सन मकवानपुर

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान पर्व बडादशैं, शुभ दीपावली, नेपाल संवत्, छठ तथा ल्होसार को पावन अवसरमा यस हाम्रा इष्टमित्र, आफन्त साथीभाईलगायत आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
sahookhabar.com
एम एन एस एग्रो प्रा. लि
लामा एग्रो भेट
फेन्चु लामा रुम्बा(९८५५०६७२६८) एवम् लामा परिवार हेटौंडा १३ पदमपोखरी ।

सही दानाको प्रयोग सफल व्यवसाय
स्वस्थ्य र पौष्टिक दानाको खोजिमा हुनुहुन्छ? चिन्ता नलिनुहोस्, हामी तपाईको सेवाका लागि तयार छौं । यस उद्योगबाट उत्पादिन दानाको प्रयोग गरेर व्यवसायमा सफलता हासिल गर्नुहोस् ।
sahookhabar.com
सिद्धार्थ पेलेट फिड
हेटौंडा औद्योगिक क्षेत्र मकवानपुर ।
साथै वडादशै, दीपावली, नेपाल संवत्, छठ पर्वको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं

- सामाजिक सदभावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं ।
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं ।
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं ।
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं

मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं ।
काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाहो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडा उपमहानगरपालिका

२ न. वडा कार्यालयको सूचना

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं, चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं,मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं । धार्मिक–साँस्कृतिक सहिष्णुता कायम राखौं । एक–अर्काको धर्मसँस्कृति, र ीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक–आपसमा भेद्भाव नगरौं, धार्मिक–साँस्कृतिक सहिष्णुता कायम राखौं ।

वडा दशैं, दीपावली, नेपाल संवत र छठ पर्वको अवसरमा वडावासी सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णुगोपाल महर्जनः वडा अध्यक्ष

२ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका मकवानपुर